'गाउँ गाउँमा सूचना र सञ्चारको लागी हाम्रो अभियान'
www.namastekarnali.com
# नमस्ते कर्णाली
Namaste Karnali National Daily राष्ट्रिय दैनिक
वर्ष १ अंक : १३० आइतबार २१ पुष, २०८१ 05 (Sunday) January 2025 पृष्ठ ४, मूल्य रु : १०।-

### किन बिग्रिन्छ पटक पटक सिटिस्क्यान र एमआरआई मेसिन
## भेरी अस्पतालको सिटिस्क्यान मर्मत नहुँदा बिरामीलाई सास्ती

■ नमस्ते समचारदाता
नेपालगन्ज, पुष/२०




पश्चिम नेपालको सबै भन्दा बढी स्वास्थ्य सेवा उपलब्ध गराउने सरकारी अस्पताल हो नेपालगञ्जमा रहेको भेरी अस्पताल । यो अस्पतालमा धेरै विषयका विशेषज्ञ चिकित्सकीय सेवाहरु छन् र नयाँ नयाँ सेवाहरु पनि थपिदैछन् । संघीय सरकारका प्रत्येक स्वास्थ्य मन्त्रीहरुले आफ्नो कार्यकालमा एउटा नयाँ विषयको स्वास्थ्य सेवा थप्ने गरिरहेकै छन् । तर पहिले देखि नै दिदै आइरहेको सेवा प्रवाहमा के समस्या छ त्यता तिर कसैको ध्यान गएको पाइदैन । वर्तमान स्वास्थ्य मन्त्री प्रदीप पौडेल प्राय जसो महिनामा एक पटक बाँके आइरहन्छन् । उनी आउँदा कुनै कार्यक्रम वा बहानामा भए पनि भेरी अस्पताल पुगेकै हुन्छन् । तर भेरी अस्पतालको सिटिस्क्यान पाँच महिनादेखि बिग्रिएर थन्किएको सिटिस्क्यानको बारेमा कसैले मन्त्रीलाई केही भन्दैनन् वा समस्या सुनेर पनि मन्त्रीले त्यस समस्याका विषयमा आवश्यक काम कारबाही गराउन सक्दैनन् । यो सम्बन्धीतहरुले नै जानून । तर सेवाग्राहीहरुको सास्ती सरोकारवालाहरुले समयमै नबुझिदिदा सेवाग्राहीलाई मात्र सास्ती भएको छैन, भेरी अस्पतालको साख पनि गिर्दै गैरहेको छ । लामो समय सम्म एमआरआइ बिग्रिएर थन्किएको थियो । यो वर्षको शुरुवात तिर नै एमआरआइ बनाएपछि सेवाग्राहीहरुलाई ठूलो राहत भएको छ । भेरी अस्पतालमा जुन एमआरआई गराउन रु १० हजार खर्च लाग्छ त्यही एमआरआई बाहिर प्राइभेटमा गराउँला करिब रु १७ देखि १८ हजार सम्म पर्छ । विभिन्न दुर्घटनामा परेका तथा टाउको, ढाड लगायतमा चोट लागेका बिरामीको उपचारका लागि विशेष आवश्यकीय उपकरण हुन एमआरआई र सिटिस्क्यान । सिटिस्क्यान बिग्रिएको पाँच महिना बिते पनि मर्मत सम्भार नगरिँदा भेरी अस्पतालमा आउने बिरामीलाई समस्या भएको छ । सिटिस्क्यानले काम नगर्दा सस्तोमा उपचार सेवा पाउने आसमा आएका दुरदराजका बिरामीले महँगो शुल्क तिरेर बाहिर निजी स्वास्थ्य संस्थामा गई सिटिस्क्यान गराउन बाध्य रहेको अस्पताल विकास समितिका पूर्व सदस्य कृष्णप्रसाद श्रेष्ठले बताए । विशेषज्ञ सेवा दिने भेरी अस्पतालमा सिटिस्क्यान नहुँदा सस्तो र सहुलियतमा उपचार गराउन अस्पतालमा पुग्ने आर्थिक अवस्था कमजोर भएका बिरामीहरूले उपचारनै नपाएको अवस्था रहेको छ । अस्पताल प्रशासनले सिटिस्क्यान मेसिन बनाउनका लागि बारम्बार ताकेता गरेपनि कुनै सुनुवाइ नभएको जनाइएको छ । भेरी अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा. निराजन सुवेदीले सिटिस्क्यान मेसिनको ट्युब बिग्रिएको जनाउँदै त्यसलाई बनाउन एक करोड रुपियाँ लाग्ने भएकोले समस्या आएको बताए । उनले भने, 'पुरानो मेसिनमा एक करोड खर्च गर्नुभन्दा अत्याधुनिक मेसिन खरिद गरेर ल्याउनतर्फ लागेकोले समय लागि रहेको हो ।

बाँकी ३ पेजमा...

## पर्यटकीय गन्तव्य बन्दै प्यूठानको बाइसधारा

■ नमस्ते समचारदाता
प्युठान, पुष/२०



प्युठान नगरपालिका-९ स्थित पाखाचितिमा रहेको बाइसधारा बुलबुले मूल जिल्लाको पर्यटकीय क्षेत्रको रूपमा पहिचान बोकेको छ । प्रचार प्रसार र भौतिक पूर्वाधार विकास नहुँदा ओझेलमा परेको बाइसधारा बुलबुलेमा पछिल्लो समय आन्तरिक पर्यटक पुग्न थालेका छन् । बाइसधारा मूल प्राकृतिक रूपले नै सुन्दर छ । झिमरुक उपत्यका भित्रको प्राकृतिक रूपमा बनेको पर्यटकीय क्षेत्र हो । यहाँ आन्तरिक पर्यटक पुग्ने गर्दछन् । पछिल्लो केही वर्ष यता बाइसधारा घुम्ने आन्तरिक पर्यटकको संख्यामा वृद्धि हुँदै गएको स्थानीयको भनाइ छ । प्राकृतिक सौन्दर्यताको बिचमा बाह्रै महिना कलकल पानी बग्नु यहाँको प्रमुख विशेषता हो । स्थानीयको सक्रियतामा मूलनजिकै २२ वटा ढुङ्गे धारा निर्माण गरिएको छ । बाँसका धाराहरू हटाएर स्थानीयको सहयोगमा ढुङ्गेधारा निर्माण गरिएको हो । एक लाइनमा लामबद्ध निर्माण गरिएका २२ धाराबाट एकनासले पानी बग्ने गर्छ । माघे सङ्क्रान्तिको अवसरमा यहाँ विशेष मेला लाग्ने गर्छ । माघे सङ्क्रान्तिको दिन स्नान गरी शुद्ध हुने चलन अनुसार यस स्थानमा पनि स्नान गर्न आउने पर्यटकको घुइँचो लाग्ने स्थानीय दिनबहादुर जिसीले जानकारी गराए । उक्त स्थानलाई पर्यटकीय क्षेत्रको रूपमा थप विकास गर्न समेत सकिने सम्भावना रहेको उनको भनाइ छ । उनले भने, "धेरै ठाउँमा मानिसले बनावटी पर्यटकीय क्षेत्र निर्माण गरिएका छन, तर यो प्राकृतिक रूपले नै बनेको सुन्दर ठाउँ हो ।"

नमस्ते कर्णाली विज्ञापन एजेन्सी
www.namastekarnali.com
नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि. द्वारा संचालित नमस्ते कर्णाली राष्ट्रिय दैनिक, नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक, namastekarnali.com मा विज्ञापन, सुचना, बोलपत्र आव्हान सम्बन्धी सुचना, कर्मचारी भर्ना सम्बन्धी सुचना, जनहितमा जारी सुचना आदी प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोला।
नमस्ते कर्णाली राष्ट्रिय दैनिक | नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक | नमस्ते कर्णाली डटकम
नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि.
सम्पर्क : कोहलपुर-११, बाँके
ब्युरो कार्यालय : सुर्खेत शाखा कार्यालय हुम्ला, मुगु, बाजुरा, कालिकोट, जुम्ला, सल्यान, जाजरकोट
कोहलपुर : ९८४७२४६९०३ हुम्ला : ९८६८३९६३३२ मुगु : ९८६८३७०८०५ बाजुरा : ९८६५६६८०९९
कालिकोट : ९८६५६६८०९९
FOLLOW US
: namastekarnali2068@gmail.com
: namastekarnali.com

## संस्कृतिलाई आर्थिक उत्पादनसँग जोडेर आयआर्जन गर्नुपर्छ

■ नमस्ते समचारदाता
दाङ, पुष/२०



लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले लुम्बिनी प्रदेश कला, संस्कृतिमा समुन्नत भएको बताएका छन् । घोराहीमा शनिबार देखि सुरु भएको माघ महोत्सको उद्घाटन गर्दै मूख्यमन्त्री आचार्यले लुम्बिनी सांस्कृतिक विविधता युक्त प्रदेश भएकाले यहाँका संस्कृतिलाई आर्थिक उत्पादनसँग जोडेर आयआर्जन गर्नुपर्नेमा जोड दिए । मुख्यमन्त्री आचार्यले कानुन निर्माण गरेर प्रदेशका हरेक निकायमा १४ प्रतिशत थारु समुदायको प्रतिनिधित्व सुनिश्चित गर्ने प्रतिबद्धता व्यक्त गरे । त्यसका लागि प्रदेश सरकारले कानुन निर्माण गरिसकेको जनाउँदै उनले अब ऐन निर्माण गरेर छिट्टै कार्यान्वयनमा ल्याउने बताए । थारु कल्याणकारिणी सभा दाङका अध्यक्ष अशोक चौधरीको अध्यक्षतामा भएको कार्यक्रमलाई सम्बोधन गर्दै मुख्यमन्त्री आचार्यले कला संस्कृतिलाई आयआर्जनसँग जोडेर थारु समुदायलाई आर्थिक रूपमा सम्पन्न गराउन प्रदेश सरकारले पहल गरिरहेको उल्लेख गरे । लुम्बिनी प्रदेशका जलस्रोत तथा सिँचाइमन्त्री सीता चौधरी, उद्योग, पर्यटन तथा यातायातमन्त्री प्रचण्ड विक्रम न्यौपाने लगायतका वक्ताहरुले कार्यक्रममा सम्बोधन गर्दै लुम्बिनी प्रदेश सांस्कृतिक विविधताले भरिएको क्षेत्र रहेको भन्दै कला, संस्कृतिको संरक्षण र प्रवर्द्धनमा प्रदेश सरकारले योजनाबद्ध रूपमा काम गरिरहेको बताएका थिए । कार्यक्रम सञ्चालन हुनुअघि विभिन्न कला, संस्कृति र झाँकीसहित घोराही बजार परिक्रमा गरिएको थियो । थारूको मौलिक कला, संस्कृतिले भरिएको माघीलाई सबैभन्दा ठूलो पर्वका रूपमा लिने गरिन्छ । महोत्सवमा थारु समुदायका मौलिक कला, संस्कृति, गीत, नाच र खानेकुराहरू प्रदर्शनमा राखिएका छन् ।

जन्म, मृत्यु, विवाह, बसाइँ सराइँ र सम्बन्ध बिच्छेदलगायतका व्यक्तिगत घटनाहरु भएको ३५ दिनभित्र गाउँपालिकाको सम्बन्धित वडा कार्यालयमा गई दर्ता गराऔं ।
ताँजाकोट गाउँपालिका
हुम्ला

नमस्ते कर्णालीमा लेख, रचना पठाउन
namastekarnali2067@gmail.com 9847246903

**सत्यवाणी :**

भौतिक तथा व्यवसायीक सुरक्षाका लागि पत्रकार एकता नयाँ संविधानमा पूर्ण प्रेस स्वतन्त्रता । - नेपाल पत्रकार महासंघ

# सम्पादकीय


## मनोगत र प्रतिशोध पूर्ण प्रबचन

एमालेबाट निस्कासित नेता भीमबहादुर रावलले गएको बुधवार पत्रकार सम्मेलनमा मातृभूमि जागरण अभियान घोषणा गर्ने समय राष्ट्रिय हित र देशभक्ति शब्दको अधिकतम उच्चारण गर्दै लामो प्रबचन दिए। आफूले 'सदैव देश र जनताको हित, स्वाधीनता, स्वाभिमानलाई सर्वोपरी' राखेको तर एमाले अध्यक्ष समेत रहेका प्रधानमन्त्री केपी शर्मा ओलीले उपरोक्त एजेन्डामा सम्झौता गरेको पुष्टि गर्न खोजे । एमसिसीदेखि भारतसँग सन्धी सम्झौता, जलविद्युत उत्पादनसँग सम्बन्धित सम्झौतालाई राष्ट्रघातको चस्मा पहिरिएका रावलले चीनसँगको सम्बन्ध र विशेष गरी बिआरआईबारे बोलेनन्। अमेरिकासँग सम्बन्धित केही बिषयमा रावलको व्याख्या अत्यन्तै फितलो र राजनीतिक पूर्वाग्रह प्रेरित जस्तै थियो। नेपालको परराष्ट्रनीतिसँग सम्बन्धित मुद्दामा लामो समय खर्चेका रावलमा केही यथार्थ र बढी भावुकता, पूर्वाग्रह र लोकरिझ्याइँबाद हावी थियो । एमालेमा रहँदा पनि रावलको छवि भारत र अमेरिकाप्रति निर्मम आलोचक र चीनप्रति नरमपन्थी थियो । एमालेबाट निस्कासनपछि पनि रावलले त्यसैलाई जागरण अभियानको एजेन्डा बनाएका छन् । जुन उनको नयाँपन होइन । रावलले ५१ वर्षको राजनीतिक जीवनमा विद्यार्थी, बुद्धिजीवि, मानव अधिकार र पार्टी संगठनको निर्माण, सञ्चालन र विस्तारमा निरन्तर योगदान गरेको, शान्ति प्रक्रिया, संविधान निर्माण लगायतका जटिल र कठीन काम गरेको जिकिर गर्दै अब पनि 'राष्ट्रिय हित, मेरो मन–मस्तिष्कमा अंकित मातृभूमि नेपाल र नेपालीहरुको सर्वोपरी हित, स्वाधीनता, स्वाभिमान, गौरव र समृद्धिको लागि कटिबद्ध रहने' प्रतिबद्धता जनाए । उनको भनाई थियो, 'मैले ५० वर्ष अघि राजनीतिमा पाइला टेक्दा देश र जनताको सर्वोपरी हित, स्वाधीनता र स्वाभिमानका लागि जुन संकल्प, दृढता र समर्पणको बाटो समातेको थिएँ , अहिले पनि त्यसमा म उच्च मनोबलका साथ दृढ छु ।' उनीसँग ओलीको विरोध, प्रतिशोध धेरै थियो, देश र जनताको सर्वोपरी हित, स्वाधीनता र स्वाभिमानको वैकल्पिक एजेन्डा थिए । नेपालमा सबैभन्दा बढी रुचाइने शब्द 'राष्ट्रिय स्वाधीनता र स्वाभिमान' हो, जसलाई रावलले पटकपटक उच्चारण गरे। तर यसमा नेपालले गर्नुपर्ने के हो ? उनको प्रस्ताव थिएन, केबल भावुकता धेरै थियो।

सुवर्ण अवसर ! सुवर्ण अवसर !! सुवर्ण अवसर !!!

यस गोल्डेन गेट मल्टिपल एकेडेमी प्रा.लि. शाखा कार्यालय कोहलपुर ३ पेलेनचोकमा उद्घाटन को अवसरमा विभिन्न कोर्षमा ५०% छुटमा विभिन्न कक्षाहरु संचालन हुन गहिरहेको हुदा तालिम लिन चाहनुहुने व्यक्तिहरुले सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

तालिमहरु / सिट



बेसिक कम्प्यूटर (Basic Computer) ७० सिट
अंग्रेजी भाषा (English Language) ५० सिट
डिप्लोमा कम्प्यूटर (Diploma Computer) ५० सिट
Online Package (Email/internet) ३० सिट

तपशिल
फारम भर्ने अन्तिम मिति :-
भर्ना मिति :-
कक्षा संचालन मिति :-

फारम पाइने स्थान
गोल्डेन गेट मल्टिपल एकेडेमी प्रा.लि.
प्रधान कार्यालय : कोहलपुर-११, गोलपार्क, बाँके
शाखा कार्यालय : कोहलपुर-३, पेलेनचोक, बाँके
सम्पर्क नं. ९८४७२४६९०३, ९८६८३७०८०५, ९८६११६८१६५ goldengate2075@gmail.com

# शास्त्र, सदाचार र आधुनिक विज्ञान

यादव सापकोटा




सृष्टिका यावत् संरचनालाई आआफ्नो प्राकृतिक नियम र धर्म अनुसार सापेक्षित रूपमा सक्रिय हुन अवरोध सिर्जना गरियो भने त्यसले विनाश मात्र निम्त्याउँछ। प्रकृति र सृष्टिलाई सन्तुलित बनाइराख्न सबभन्दा महत्वपूर्ण भूमिका मानिसको हुन्छ । सृष्टिको एक मात्र चेतनशील प्राणी मानिस त्यसै कारण नैतिकता, सदाचारी, सहिष्णु तथा संवेदनशील भावनाले प्रेरित हुनु पर्छ । हरेक मानिसले सत्य तथा निष्ठावान् व्यवहार प्रदर्शन गर्नु पर्छ। यस्तो व्यवहार प्रदर्शन गर्न उच्च नैतिकवान् मानिसले मात्र गर्न सक्छन्। नैतिकता हरेक मानिसले पालना गर्नुपर्ने असल आचरण हो, जसले व्यक्तिको व्यवहार तथा क्रियाकलापलाई समाजको हित अनुकूल सञ्चालन गर्छ । सदाचार र नैतिकतामा बाँधिएको मानिस सदा सत्य हुन्छ । हिजोआज सत्य डगमगाएको छ- असत्य, अनैतिक र अनाचारीको बाहुल्य छ । जसको परिणाम सिङ्गो पृथ्वीले भोगिरहेको छ । मानिस अध्यात्मवादी हुनुको साटो चरम भौतिकवादी हुँदै सत्यलाई सम्पत्तिको जलप लगाएर त्यसैको मोहमा परेको छ । उपनिषद्मा भनिएको छ- 'हिरण्मयेनपात्रेण सत्यसापिहतं मुखम्' अर्थात् सत्यको मुख सुनको पात्रले छोपेको छ । यसलाई पुष्ट गर्ने गरी समाजशास्त्रीले आधुनिक समाजमा उत्पन्न समस्यामा ९९ प्रतिशत अर्थसँग सम्बन्धित हुन्छन् भनेका छन् । यतिबेला के देखिन्छ भने चर्को बोल्ने, विलासी जीवन बिताउने, पुँजी निर्माण गर्नेहरूको बोलवाला रहेको र उनीहरूले प्राप्त गरेको धन, ज्ञान र रहेको विवेक मानव कल्याणका लागि सोच्नै नसक्ने भएको छ। यसले गर्दा मानव समाज मात्र होइन, विश्व ब्रह्माण्ड नै दूषित हुन पुगेको छ। विश्व जलवायु परिवर्तनको मारमा छ । यसका लागि विश्वका सीमित केही औद्योगिक राष्ट्र र तिनका उद्योगी जिम्मेवार छन् भनेर पर्यावरणविद्ले बताइरहेका छन् । विश्वमा जुन किसिमका समस्या उत्पन्न भइरहेको छ त्यो शिक्षाको अभावले होइन, बढी जान्ने भएर सदाचार र नैतिकता गुमाउँदाको परिणाम हो । धनी मुलुकले गरिब मुलुकको शिक्षाको विकासका लागि अर्बौं रुपियाँ अनुदान दिन्छन् । यसबाट साक्षरताको सङ्ख्यामा वृद्धि हुन्छ र मानिस चेतनशील, विवेकशील, ज्ञानी-ध्यानी हुन्छ भन्ने मान्यता राख्ने हो भने विश्वमा हरेक वर्ष उच्चशिक्षा प्राप्त परिवारको सङ्ख्या पनि लगातार बढेको छ । शिक्षितहरू बढ्दै जाँदा विश्व भने नयाँनयाँ समस्यामा किन परिरहेको छ त ? अहिले धेरै कुरा पाएको मानिसले संवेदनशील भावनात्मक पक्ष र सदाचार गुमाउँदा घरघरमा तनाव र मानसिक असन्तुलनको तीव्र वेगले जीवन र जगत्मा नै उग्रकम्पन सुरु भएको छ । प्रकृति कुपित भएको छ । पर्यावरण क्षतविक्षत भएको छ । जताततै वातावरण खलबलिएर प्रतिकूल परिस्थितिले जीव र जगत् निस्सासिएको छ । धन थुपार्ने मोहमा मानिसले गरेको अमङ्गल सङ्कल्पको परिणामको त्रुटिले मानव मानवजस्तो रहन नसक्ने भयो । भौतिक विलाशी र सुविधामाा मेसिनको दास बन्यो, मानव अधिकारको प्राकृतिक शास्त्रसम्मत अधिकार हनन् भयो । एकातिर विश्वभर मानव अधिकारको नारा घन्किरहने, अर्कातिर शस्त्र-अस्त्रको होडवाजी चलिरहने गर्दा हतियारको बजारको विस्तार भयो । मानव-मानवबिचको द्वन्द्व मानव र प्रकृतिबिच सुरु भयो । समस्त जीवन र जगत् नै सन्त्रस्त हुनुपर्ने वातावरण स्वयम् मानवले नै सिर्जना गर्‍यो । भावनात्मक पक्ष र सदाचारी व्यवहार त्याग्दै अस्वस्थ प्रतिस्पर्धाको दौडमा विश्वभर अमानवीय अमङ्गल सङ्कल्प गर्नेको संख्या बढ्दै गयो। अहिले पनि विश्वमा एक अर्बजति मानिस भोका छन् । अर्बौंलाई क्षणमै मार्न सक्ने घातक हतियार उत्पादन गरेर त्यसको व्यापारमा रमाउने दुई चार विकसित देशका दुई चार सय मानिससँग अथाह विश्वको सम्पदा एकाधिकारमा छ। बहुजनको हितमा जनताका नाममा सपना बाँडेर विपनामा केही सम्भ्रान्त घरानिया र केही मुलुकका राजनेता वा सिद्धान्तकारले विश्वलाई अभिशप्त बनाएर अर्बौं मानिस, चराचर जगत् र ब्रह्माण्डकै अस्तित्वमाथि प्रश्न उठ्ने कार्य भइरहेको छ। यसका लागि विश्वविद्यालयका उच्चस्तरका डिग्री भिरेका डाक्टरको पुच्छर गाँसेर विद्यावारिधि गरी कथित विद्वताको कवच भिरेका प्रायः सबै जना विश्वको बिगँरदो अवस्थाका निमित्त पूर्णरूपेण जिम्मेवार छन् । भगवत् गीताको यस्तै सन्देश छ- पसिना बगाएर कमाउनु, जीवनयापन गर्दा यज्ञकै रूपमा सबै कर्म निष्काम भावले गर्नु । यज्ञको प्रक्रियामा द्रव्ययज्ञभन्दा ज्ञानयज्ञको अझ ठुलो महत्व छ। पत्र, पुष्प, फल र पानी भक्तिले समर्पण गरे हुन्छ। त्यहाँ द्रव्य तथा अन्य भौतिक पदार्थ गौण छन्। यज्ञको यो प्रक्रियासँग कर्मको विभाजन पनि भएको छ । स्वभावतः वर्णाश्रम धर्ममा रहँदा त्यै कर्मको विभाजन अनुरूप कर्म गरे पनि उचनीचको भेदभावबिना कर्मद्वारा नै स्वतः सिद्धि प्राप्त हुन्छ। भगवत् गीताले यसै भन्छ । अहिले पसिना बगाएर कमाउन कोही उत्सुक छैन । रातारात धनी बन्न छलछाम र ढाट अनि डर-धाक, धम्कीले सम्पत्ति कमाउने प्रतिस्पर्धा चलेको छ। नेपालमा मात्र होइन विश्वमै यही रीत बसेको छ। अरूको त कुरै छाँडौ पूर्वीय सभ्यता र संस्कृतिको स्रोतकेन्द्र नै यसरी लथालिङ्ग भएको छ। नैतिकता र उच्च संस्कारयुक्त सामाजिक मर्यादाको कुनै मूल्य र महत्व रहेन। नैतिक रूपमा पतनै भएर धन कमाउने र अरूको डाहा गर्ने प्रवृत्ति हाबी छ । यस्तै प्रवृत्ति आजभोलि सामाजिक प्रतिष्ठा र सफलताको प्रतीक मानिन्छ । आफ्नो संस्कार, संस्कृति, धर्म, सभ्यता, वंशाणुगत जातीय विशेषताबाट सबै सबै नै पतन हुँदै अहम्कारी, दुराचारी बन्दै अनैतिक काममा बढी केन्द्रित हुने र आफूलाई अरूभन्दा फरक देखाउन, सभ्य र सम्पन्न बनाउन जस्तोसुकै अनैतिक काम गर्न पछि नपर्नेबाटै समाज भाँडिएको छ । धनी र गरिबबिचका खाडल झन् फराकिलो र गहिरो बन्दै जानुको कारण जिम्मेवारीमा रहेकाहरूमा हराउँदै गएको नैतिकता, संवेदनशील भावना र सदाचारको अभाव नै हो। नेपालको मात्र होइन, विश्वभर यस्तै छ। विकसित देशका बहुराष्ट्रिय कम्पनी घातक हतियार उत्पादन गरेर युद्ध भड्काउँदै आफ्ना हतियारको व्यापार बढाउँछन् । खै मानवीय संवेदनशील भावना ? पैसाका लागि युद्ध गराउने अनि त्यो युद्धका लागि स्वतन्त्रता, मानव अधिकारको नारा घन्काउने ? योभन्दा ठुलो विडम्बना अरू के हुन्छ । हामी यस्तै प्रवृत्तिको सिकार हुँदै उनीहरूकै पछि लागेर, उनीहरूले घोकाइदिएको नारा भट्याउँदै आफ्नोपन भुलेर अन्धानुसरण गरिरहेका छौं, जसले हाम्रो शिक्षा, व्यवहार, संस्कार सबै ध्वस्त प्रायः को अवस्थामा पुगेको छ । किताब नपढेका भए पनि हाम्रा हजुरबा हजुरआमा ज्ञानी थिए, विवेकी थिए, संस्कारी र सदाचारी थिए (अपवादबाहेक) यसको कारण संस्कार र अभ्यासमा चल्दै आएको शिक्षा पद्धति थियो। जसलाई पुस्ता शिक्षा भन्न सकिन्छ। यो शिक्षा भनेको पुस्तान्तरण हो। यहाँ कुनै निश्चित पाठ्यक्रम अनुरूप पठनपाठन हुँदैन । यो परम्परा परिवार, समाजभित्र स्वतः विकसित थियो । अक्षरारम्भ गरेर घर, पुस्ता, चौतारा, पाटीपौवामै अनौपचारिक गतिविधिबाटै वाचक चलाउने, लिपि बसाउने र विषयवस्तु स्फुरण भए नभएको, रुचि जागृत कति कसरी भयो इत्यादि गतिविधि स्वयम् बोध गर्ने र अगाडि बढ्न प्रेरित हुने वातावरण तयार हुन्थ्यो । यसरी नै खनजोतलगायतका कृषिकर्म, बिउबिजन, गोडमेल र वस्तु विशेषको जान पहिचान, उपचार र रेखदेखलगायतका साधारण ज्ञान समयको गतिसँगै स्वतः थपिँदै जाने र स्थलगत अनुभवबाटै कुशल गृहस्थको जग बसाउने यो शिक्षाले आत्मनिर्भर बनाउँदै स्वाभिमानी, नैतिकवान, चरित्रवान् र निर्भिक, निष्पक्ष, विवेक, ज्ञानसमेत जागृत गराउन सम्भव हुन्थ्यो। आफूले शिक्षा प्रदान गरिरहेको पात्रलाई कर्मठ, सुपात्र बनाउन उसले खानपान, र हनसहन, आचार विचारमा बढी ध्यान दिएर आत्मबल, चरित्रबल, नैतिकता तथा इच्छाशक्ति, क्रियाशक्ति, ज्ञानशक्ति प्रबल पार्न पुस्ता शिक्षादाता सचेष्ट रहन्थे । घरमा नातिनातिनालाई पढाउने हजुबा-हजुरआमा किताबभन्दा कुशलता, संस्कार, नैतिकता, मानवीय संवेदनशील भावनाका साथै गर्न हुने र नहुने सबै कुरा सिकाउँथे। वातावरण संरक्षणका विविध पक्षलाई, समाज हितका अनेक आयामलाई उनीहरू परम्परागत अभ्यास र ज्ञानलाई पुस्तान्तरण गर्दथे। पानीढलो मास्नु हुन्न, बाटो, चौतारो, मन्दिर, खोला किनार अतिक्रमण गर्नु हुन्न, वनजङ्गल मास्नु हुन्न भन्दै सचेत गराउँथे । वातावरण शुद्ध राख्न र प्राकृतिक सन्तुलनन कायम गराउन अनेक धार्मिक विधि अनुष्ठान सिकाउँदै प्रकृति संरक्षणका लागि हरेक पक्षमा ईश्वरको अंश हुन्छ भन्दै तिनको पूजा गरेर संरक्षण गर्ने संस्कार सिकाउँथे । यस्तो पद्धति र अयासको अन्तर्निहित उद्देश्य शिक्षा दिने पात्रलाई सर्वाङ्गीण विकासपथमा प्रेरित गर्ने उद्देश्यमा आधारित हुन्थे । विकासको अर्थ अहिलेको जस्तो केवल भौतिकता मात्र थिएन। भौतिक वस्तु र सेवा समय क्रमसँगै प्राप्त हुने विषय रहेकाले शास्त्रसम्मत विकासको ढाँचा कायम राख्दै अघि बढ्न दिइने शिक्षाकै कारण कुनै विश्वविद्यालयको ढोकै नटेकेका इतिहास पुरुष कहलिन सफल भए। आदिकवि भानुभक्त आचार्य हुन् वा चीनमा बलबाहुका नामले प्रख्यात वास्तुकलाविद् अरनि हुन्, उनीहरू आफूलाई कालजयी बनाउन सफल भए । अरनिकोले चीनमा कमाएको ख्यातिले के देखाउँछ भने युरोपतिर औद्योगिक क्रान्ति हुनुभन्दा अगावै आठ सय वर्ष अगाडि नेपाली धातुकर्मी, मूर्तिकारले वास्तुकलामा उच्चतम प्राविधिक ज्ञान हासिल गरिसकेका थिए भन्ने प्रमाण हो । यो ज्ञान कुनै विश्वविद्यालयबाट होइन, पितापुर्खाबाट शास्त्रसम्मत प्राप्त भएको हो। उनीहरूले प्राप्त गरेको पुस्ता शिक्षाको प्रभाव थियो । यो सन्दर्भ उठाउनुको कारण उतिबेलाको शिक्षा र ज्ञानको क्षेत्र कस्तो थियो भन्नका लागि मात्र हो । आज पनि नेपाली जनताले आदरपूर्वक स्मरण गर्ने उनीहरूको ज्ञानको स्रोत शास्त्रसम्मत शिक्षाको आधार थियो ।

**निष्कर्ष**

शास्त्र र शस्त्रबिच चर्को द्वन्द्व मच्चिइरहेको वर्तमान सन्दर्भमा विश्वकै सर्वाधिक धनी वैज्ञानिक इलन मस्कले नेपालको तन्त्रविद्यालाई समेटेर आर्टिफिसियल इन्टिलिजेन्स (एआई) विकास गर्न लागेको चर्चा छ। यो चर्चाले शास्त्रले शस्त्रलाई पछि छाड्दै अब पूर्वीय ज्ञानको सागरमा पश्चिमा वैज्ञानिक डुबुल्की मारेर आफ्नो समृद्धिको भर्‍याङको खुड्किला अरू थप्ने मेसोमा रहेका त होइनन् भन्ने चासो बढेको छ। यस्तोमा हामी सबैले बुझ्नुपर्ने विषय हाम्रो संस्कार, संस्कृति, सभ्यता, शिक्षाको आधारमा रहेको संवेदनशील भावना, सदाचार, नैतिकता र धर्मसम्मत कर्मको महानता र महत्व नै हो ।

*–गोरखापत्र*

# बाजुरामा सिकाइ उपलब्धिका लागि नमुना परीक्षा

नमस्ते समचारदाता
बाजुरा, पुष/२०



बाजुराको त्रिवेणी नगरपालिका वडा नं -४ तोली देवलडाँडा माविले यहाँका पाँच, आठ र दस कक्षाका बालबालिकाको सिकाइ उपलब्धिका लागि प्रत्येक शनिबार नमुना परीक्षा लिन सुरु गरेको छ । बालबालिकाको सिकाइ उपलब्धि तथा लेखन सिप वृद्धि गर्नुका साथै अन्तिम परीक्षामा उनीहरू नडराउन र जानेको कुरा पनि राम्रोसँग लेख्न सकुन भन्ने उद्देश्यले यती बेला तोली देवल डाँडा माविले प्रत्येक शनिबार यो नमुना परीक्षा लिने गरेको हो । यस अघि यहाँका बालबालिकाले ती छ र अन्तिमको वार्षिक परीक्षामा डराउने र उनीहरू जानेको कुरा पनि लेख्न नसक्ने भएकाले यती बेला त्यसलाई मध्यनजर गर्दै उनीहरूको त्यो परीक्षामा राम्रोसँग लेख्न सक्ने क्षमताको वृद्धि विकास हुने गरी महिनाको प्रत्येक शनिबार परीक्षा लिने गरेको तोली देवलडाँडा माविले जनाएको छ । यहाँ योभन्दा पहिला प्राय तीन र छ महिना मात्र परीक्षा हुने गरेकाले अन्तिममा हुने वार्षिक परीक्षामा विद्यार्थी डराउने गरेका छन् । अहिले प्रत्येक हप्तामा लिने गरेको परीक्षाले यहाँका विद्यार्थीको मनमा हुने त्यो डर विस्तारै हटेको तोली देवल डाँडा माविका कक्षा-१० का छात्रा एलिजा साउँदले बताउनुभयो । उहाँले भन्नुभयो, "लामो समय पछि परीक्षा हुने गरेको एक दुई महिना मात्र राम्रोसँग किताब पढ्ने गरेको थियो । अहिले प्रत्येक शनिबारमा परीक्षा हुने गरेपछि दिनानु दिन किताब पढ्ने बानीको समेत विकास भएको छ ।" यो भन्दा पहिला विद्यालयमा पढाएको कुरा घरमा पुग्दा ध्यानमा रहँदैन थियो । अहिले शनिबारमा परीक्षा हुने गरेपछि विद्यायमा पढाएको त्यो कुरा घरमा पुग्दासम्म ध्यान हुने गरेको छ । जसका कारण अहिले मेरो पढाईमा समेत निकै सुधार आएको साउँदले बताउनुभयो । यसरी प्रत्येक हप्ताको शनिबारको दिनमा नमुना परीक्षा लिनेमा यो तोली देवल डाँडा मावि पहिलो रहेको छ। यो विद्यालयले यसरी हप्ताको शनिबारमा परीक्षा लिने र विद्यार्थीले त्यो परीक्षामा नजानेको फेरि कक्षामा आएर राम्रोसँग सिकाउने गरेपछि अहिले यहाँका बालबालिकाको पढाईमा समेत परिवर्तन भएको छ। शैक्षिक सत्र २०८० मा यस विद्यालयमा नगर स्तरीय परीक्षामा समावेश भएका कक्षा आठका ५७ जना विद्यार्थीमा ३५ जना पास भएका थिए भने त्यसैगरी एसइईमा पनि ५६ जनामा ३२ जना विद्यार्थी राम्रोसँग उत्तीर्ण भएको तोली देवल डाँडा माविका प्राधानाध्यापक विष्णु प्रसाद ओझाले बताउनुभयो । उहाँले भन्नुभयो, "हाम्रो अन्य विद्यालयभन्दा राम्रो उपलब्धि हो। तैपनि हामीले यसलाई थप प्रोत्साहित गर्ने गरी र यती बेला त्यो भन्दा बढी विद्यार्थी उत्तीर्ण गर्ने गरी अहिले त्यसको तयारी गर्ने गरी यो नमुना परीक्षा लिन गरेको हो ।" यो परीक्षाले यहाँका नगर स्तरीय परीक्षमा समावेश हुने आठ कक्षा र एसइईमा समावेश हुने दश कक्षाका विद्यार्थीलाई निकै राहत हुने भएको छ। शैक्षिक शत्र २०८१ सालको नयाँ भर्नामा चार सय चार छात्रा र तीन सय उनान्चास छात्र गरी अहिले सात सय त्रिपन्न जना विद्यार्थी अधययनरत रहेको तोली देवल डाँडा माविका प्राधानाध्यापक ओझाले बताउनुभयो । यसरी विद्यालयले प्रत्येक हप्तामा लिने गरेको यो नमुना परीक्षाले यहाँका बालबालिकाको आनी बानी सँगसँगै पढाईमा पनि सुधार आउन थालेको विद्यालय व्यवस्थापन समितिका अध्यक्ष तथा त्रिवेणी नगरपालिका वडा नं -४ का वडा अध्यक्ष गणेश साउँदले बताउनुभयो ।

# आन्दोलनरत कर्मचारीले फाले सञ्जीवनीको साइनबोर्ड

नमस्ते समचारदाता
नेपालगन्ज, पुष/२०




नेपालगञ्ज मेडिकल कलेजका कर्मचारीले सञ्जीवनी कलेज अफ मेडिकल साइन्सको बोर्ड फालेका छन् । तीन हप्ता भन्दा लामो समयदेखि निरन्तर आन्दोलनमा रहेका कर्मचारीले शनिबार दिउँसो सञ्जजीवनी कलेज अफ मेडिकल साइन्सको बोर्ड निकालेर फालेका हुन् । लर्ड बुद्व एजुकेशनल एकेडेमी लिमिटेडद्वारा सञ्चालित नेपालगन्ज मेडिकल कलेजका कर्मचारीले तलब लगायत सेवा सुविधा वृद्धिको माग राखेर आन्दोलन गरिरहेकै बेला अस्पताल व्यवस्थापनले कलेजको नाम नै परिवर्तन गरी नयाँ साइनबोर्ड राखेर आठ सय कर्मचारी मागको सूचना निकालेको थियो । त्यसले आन्दोलनकारी थप आक्रोशित भएका छन् । लामो समयदेखि आन्दोलन चलिरहे पनि वार्तामा बस्नुको सट्टा व्यवस्थापन अदालत गएको थियो । अदालतले हालै कर्मचारीको आन्दोलन गर्ने प्रक्रियामा प्रश्न उठाउँदै काम नरोक्न अन्तरिम आदेश गरेको थियो । कर्मचारीले विभिन्न ७ बुँदे माग राखेर ७ महिना अघि माग पत्र बुझाएका थिए । सन्जीवनी कलेज अफ मेडिकल साइन्सका कर्मचारीले सन्जीवनीको साइनबोड तोडफोड गर्नु अराजकताको पराकाष्ठा भएको सन्चालक खुमा अर्याल बताउँछन् । आन्दोलनमा रहेका नेपालगन्ज मेडिकल कलेजका कर्मचारीले शनिबार दिउँसो सन्जीवनी कलेज अफ मेडिकल साइन्सको साइनबोड तोडफोड गरे लगत्तै सन्चालक अर्यालले सन्जीवनीको साइनबोड तोडफोड गर्नुलाई आन्दोलनका निहुँमा कर्मचारीले गरेको अराजकताको पराकाष्ठा भनेका छन । कर्मचारीले माग राख्न पाउँछन् तर अराजकता मच्चाउन पाउँदैनन् कलेजका एक अधिकारीले भने यस अराजकताको मूल्य कर्मचारीले तिर्नपर्ने हुन सक्छ । सन्जीवनीले नेपालगन्ज मेडिकल कलेजका कर्मचारी कोहलपुर पठाउने भनेपछि आन्दोलनकारी अराजक हुन थालेको तर, यस्ता गतिविधिले सन्जीवनीलाई केही फरक नपर्ने उनी बताउँछन् । सन्जीवनीले नेपालगन्ज मेडिकल कलेजका कर्मचारी कोहलपुर पठाउन सक्ने अनुमानपछि हतासियको मानसिकतामा कलेजको साइन बोड तोडफोड गरि निकालेर कर्मचारीले ठिक गरेनन उनले भने "यो अराजकता हो ।" नेपालगन्ज मेडिकल कलेज अबदेखि नेपालगन्जमा सन्जिबनी कलेज अफ मेडिकन साइन्सको नामबाट संचालन हुने छ कलेजका एक अधिकारी श्याम शर्माका अनुसार नेपालगन्ज मेडिकल कलेजको नामबाट कोहलपुरमा मात्र संचालन हुनेछ ।"

## भेरी...

भेरीमा रहेको सिटिस्क्यान मेसिन १३ वर्ष पुरानो रहेकोले सो मेसिनमा एक करोड खर्च गरेर बनाउने अनि फेरि केही दिनमै बिग्रियो भने के गर्ने भन्ने चिन्ताले पनि नयाँ मेसिन ल्याउनेतर्फ ध्यान लागेका हौं ।' अस्पतालका मेसु डा. सुवेदीले आफूले नेपालगन्जमा आइपुग्ने स्वास्थ्य लगायतका अन्य मन्त्री र सांसदहरूलाई समेत सिटिस्क्यान मेसिनको समस्या बताउने गरेको भएपनि हाल सम्म मेसिनको मर्मत वा नयाँ मेसिन खरिदको पक्रिया दुबै अझै पनि सुरु हुन नसकेको बताएका छन् । अस्पतालका अनुसार कर्णाली प्रदेश र लुम्बिनी प्रदेशका विभिन्न जिल्लाबाट दुर्घटनामा परेर आएका वा टाउकोमा समस्या भएर आएका बिरामीलाई अस्पतालमा सिटिस्क्यान नहुँदा सबैभन्दा बढी सास्ती भोग्नु परेको छ ।

# ब्राउनसुगर सहित दश जना प्रहरीको नियन्त्रणमा

नमस्ते समचारदाता
कैलाली, पुष/२०



प्रहरीले लागुऔषध सहित १० जनालाई पक्राउ गरेको छ । सुदूरपश्चिम प्रदेश प्रहरी कार्यालय, जिल्ला प्रहरी कार्यालय र मातहतको प्रहरी कार्यालयबाट खटेको प्रहरीको संयुक्त टोलीले उनीहरूलाई पक्राउ गरेको हो । पक्राउ पर्नेमा टीकापुर नगरपालिका-२ राजीपुरका २३ वर्षीय विक्रम बुढा, १९ वर्षीय मिलन टमटा, धनगढी उपमहानगरपालिका -३ स्थित केदार टोलमा चिया नास्ता पसल गर्ने ४० वर्षीय खेमराज महरा रहेका छन् । त्यस्तै, कृष्णपुर नगरपालिका-७ का ३४ वर्षीय मोहन राना, धनगढी उपमहानगरपालिका-७ का २५ वर्षीय प्रभुपन राना, १८ वर्षीय अमन राना रहेका छन् । यसैगरी, धनगढी उपमहानगरपालिका -१३ का २९ वर्षीय बाहाली राना, वडा नम्बर ६ का ३१ वर्षीय दीपक राना, कृष्णपुर नगरपालिका-९ का २४ वर्षीय प्रदीप राना, ३० वर्षीय अनिल राना पक्राउ परेका जिल्ला प्रहरी कार्यालयले जानकारी दिएको छ। १० जनालाई छुट्टाछुट्टै स्थानबाट पक्राउ गरिएको हो । उनीहरूको साथबाट प्रहरीले ८ ग्राम ४९० मिलिग्राम खैरो हेरोइन र ६९ ग्राम ३४० मिलिग्राम चरेश बरामद गरेको छ। कर्डन एन्ड स्वीप अपरेसन गरेर उनीहरूलाई पक्राउ गरेको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता एवम् प्रहरी नायब उपरीक्षक कवीन्द्रसिंह बोहराले जानकारी दिए ।

# हराएका ३८ वर्षिय शाहीको शव भदु खोलामा भेटियो

नमस्ते समचारदाता
हुम्ला, पुष/२०

सिमकोट गाउँपालिका-४ को हिल्दुम लघुजलविद्युत् आयोजनाको पावरहाउस नजिक भदु खोलामा हेल्दुम गाउँका ३८ वर्षीय चिरञ्जीवी शाही मृत भेटिएका छन् । प्रहरी नायव उपरीक्षक रवीन्द्र खनालले पहिलो लास भेटिएको जानकारी आएपश्चात प्रहरी घटनास्थमा पुगेको र लासको पहिचान पनि खुलेको बताए । पुस २० गते वडा-४ हेल्दुम गाउँका स्थानीय नरेन्द्र शाहीले खोलामा बेवारिसे लास भेटाएको भन्ने जानकारी प्रहरीलाई दिएलगत्तै प्रहरी निरीक्षक सुरेश सुवेदी नेतृत्वको टोली घटनास्थलतर्फ पुगेको थियो । भदुखोलाको ५० मिटर टाढा भेटिएको लास माथिल्लो शरीर पानीमा डुबेको र तल्लो शरीर मात्रै देखिएको थियो । उक्त लासलाई कुहिएको अवस्थामा भेटिएको र मृतकका आफन्तको सहमतिमा पोष्ट मार्टम नगरेरै मुचुल्काका आधारमा लास आफन्तलाई बुझाइएको छ। मृतक शाहीमा केही मानसिक समस्या समेत रहेको आफन्तले बताएका छन् । यस घटनाको विषयमा थप अनुसन्धान गरिरहेको प्रहरीले जानकारी दिएको छ।



नमस्ते कर्णाली
www.namastekarnali.com
Namaste Karnali National Daily राष्ट्रिय दैनिक
जि.प्र.का.बाँके दर्ता नं १६२/०७९/८०
जिल्ला हुलाक नं. २९/०८१-०८२
आइतबार २१ पुष, २०८१
Sunday 05 January, 2025


# कर्णालीमा कृषिको क्षेत्रफल बढ्यो

■ नमस्ते समाचारदाता

सुर्खेत, पुष/२०

आर्थिक विकासमा कमजोर अवस्थामा रहेको कर्णाली प्रदेशको आर्थिक वृद्धिदर (उत्पादकको मूल्यमा) तीन दशमलव ३९ प्रतिशत रहेको अनुमान सार्वजनिक भएको छ । नेपाल राष्ट्र बैंकले गरेको अध्ययनअनुसार आर्थिक वर्ष २०८० र ८१ मा कुल गार्हस्थ्य उत्पादन उत्पादकको मूल्यमा तीन दशमलव ८७ प्रतिशतले वृद्धि हुने अनुमान रहेको छ । यस्तै, आधारभूत मूल्यमा तीन दशमलव ५४ प्रतिशतले वृद्धि भएको अनुमान छ । आर्थिक वर्ष २०७९ र ८० मा कुल गार्हस्थ्य उत्पादन उत्पादकको मूल्यमा एक दशमलव ९५ प्रतिशत र आधारभूत मूल्यमा दुई दशमलव ३१ प्रतिशतले वृद्धि भएको संशोधितअनुमान रहेको केन्द्रीय बैंकले जनाएको छ । सल्यान, कालिकोट, दैलेख र सुर्खेत जिल्लाका स्थलगत तथा रुकुम पश्चिम, डोल्पा, जुम्ला, मुगु, जाजरकोट र हुम्ला जिल्लाका गैरस्थलगत अध्ययनबाट तयार पारिएको आर्थिक वर्ष २०८०/८१ को वार्षिक आर्थिक गतिविधि अध्ययन प्रतिवेदन राष्ट्र बैंकले सार्वजनिक गरेको हो । समीक्षा वर्षमा यस प्रदेशमा समग्र कृषि बालीले ढाकेको क्षेत्रफल एक दशमलव ९४ प्रतिशतले वृद्धि भएको छ । प्रमुख बालीमध्ये धान र मकै बालीले ढाकेको क्षेत्रफल क्रमशः आठ दशमलव ४८ प्रतिशत र दुई दशमलव १२ प्रतिशतले बढेको छ भने गहुँ, कोदो, जौ र फापर बालीले ढाकेको क्षेत्रफल क्रमशः शुन्य दशमलव ९७ प्रतिशत, २८ दशमलव १६ प्रतिशत र ३३ दशमलव ३० र २३ दशमलव शुन्य एक प्रतिशतले घटेको छ । त्यसैगरी, तरकारी र बागबानी बालीले ढाकेको क्षेत्रफल ३६ दशमलव ४० प्रतिशत र पाँच ९८ प्रतिशतले वृद्धि भएको छ । सो प्रदेशमा समग्र कृषि बालीको उत्पादन छ दशमलव ७९ प्रतिशतले वृद्धि भएको छ । खाद्य तथा अन्य बालीभित्र पर्ने प्रमुख कृषि बालीमा धान र गहुँको उत्पादन क्रमशः १२ दशमलव शुन्य चार प्रतिशत र शुन्य दशमलव ४३ प्रतिशतले वृद्धि भएको छ भने मकै, कोदो, जौ तथा फापरको उत्पादनमा क्रमशः सात दशमलव ६१ प्रतिशत, १९ दशमलव ८७ प्रतिशत, १८ दमलव ९८ प्रतिशत र आठ ४६ प्रतिशतले कमी आएको छ । सो प्रदेशमा दुध उत्पादन सात दशमलव ८२ प्रतिशतले बढेको छ । त्यस्तै मासु, माछा र अण्डा उत्पादनमा क्रमशः छ दशमलव ५८ प्रतिशत, तीन दशमलव ३४ र शुन्य दशमलव ९० प्रतिशतले वृद्धि भएको छ । बैंक तथा वित्तीय संस्थाबाट कर्णाली प्रदेशको कृषि क्षेत्रमा प्रवाहित कर्जाले कुल कर्जाको नौ दशमलव १२ प्रतिशत हिस्सा ओगटेको छ । कृषि क्षेत्रमा प्रवाहित कर्जा गत वर्षको तुलनामा एक दशमलव ७१ प्रतिशतले घटेको छ यस प्रदेशमा नमुना छनोटमा समेटिएका उद्योगहरुको औसत क्षमता उपयोग ४८ दशमलव ५१ प्रतिशत रहेको छ । प्लाष्टिकजन्य उत्पादन सम्बन्धी उद्योगको उपयोग क्षमता सबैभन्दा बढी शत प्रतिशत रहेको छ भने अन्न तथा पशुदाना उत्पादन गर्ने उद्योग अन्तर्गत पिठो उत्पादन गर्ने उद्योगको उपयोग क्षमता सबैभन्दा कम १५ प्रतिशत छ । समीक्षा वर्षमा औद्योगिक कर्जा गत वर्षको तुलनामा तीन दशमलव ३३ प्रतिशतले वृद्धि भएको छ । कर्णाली प्रदेशमा प्रवाह भएको समग्र कर्जाको छ दशमलव ९५ प्रतिशत हिस्सा उद्योग क्षेत्रले ओगटेको छ । सो प्रदेशमा भित्रिने पर्यटकको संख्यामा २३ दशमलव ४० प्रतिशतले वृद्धि भएको छ । भारत, चीन र तेस्रो मुलुकबाट भित्रिने पर्यटकको संख्या क्रमशः २३ दशमलव ४९ प्रतिशत, १५ दशमलव ७७ प्रतिशत र २४ दशमलव ८४ प्रतिशतले वृद्धि भएको छ । बैंक तथा वित्तीय संस्थाहरुद्वारा प्रवाहित कुल कर्जामध्ये सबैभन्दा धेरै ८३ दशमलव ९३ प्रतिशत कर्जा सेवा क्षेत्रमा प्रवाह भएको छ । सो प्रदेशमा वाणिज्य बैंक तथा वित्तीय संस्थाहरुको शाखा संख्या चार सय ७५ तथा शाखारहित बैंकिङ संख्या ३० पुगेको छ । समीक्षा वर्षमा यस प्रदेशमा कर्जा तथा निक्षेप अनुपात ७८ दशमलव ५० प्रतिशत छ । सो प्रदेशमा विद्युत प्रसारण लाईन दुई हजार चार सय १६ दशमलव ४७ सर्किट किलोमिटर पुगेको छ । समीक्षा वर्षसम्म सो प्रदेशमा १७ दशमलव ४१ मेगावाट विद्युत् उत्पादन भएको छ ।




# हात्तीपाइले रोगको जोखिम उच्च

■ नमस्ते समाचारदाता

बाँके, पुष/२०



हात्तीपाइले रोगविरुद्धको औषधी सेवन अभियान प्रभावकारी नहुँदा बाँकेका तीन पालिका अझै पनि सो रोगको उच्च जोखिममा छन् । हात्तीपाइले रोग निवारणका लागि गरिएको आइडिए इम्प्याक्ट सर्भेमा बाँकेका नेपालगन्ज उपमहानगरपालिका, डुडुवा गाउँपालिका र नरैनापुर गाउँपालिका गरी तीन वटा पालिका फेल भएका छन् । ती पालिकामा फेरि हात्तीपाइले रोगविरुद्धको औषधी सेवन कार्यक्रमलाई निरन्तरता दिनुपर्ने देखिएको स्वास्थ्य कार्यालय बाँकेले जनाएको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालय कीटजन्य रोग अनुसन्धान तथा तालिम केन्द्र हेटौंडा र स्वास्थ्य कार्यालय बाँकेको संयुक्त आयोजनामा बाँकेका आठ वटै पालिकामा गत महिना सर्भेको काम भएको थियो । सर्भेका क्रममा तीन वटा पालिकाबाहेक अन्य पाँच वटा पालिका सफल भएकाले ती पालिकामा अब औषधी सेवन कार्यक्रम आवश्यक नरहेको स्वास्थ्य कार्यालयले जनाएको छ । स्वास्थ्य कार्यालय बाँकेका प्रमुख अञ्जबहादुर शाहीले एउटा व्यक्तिले औषधी खाने र अर्कोले नखाइदिने गरेका कारण समुदायस्तरमा हात्तीपाइलेको जोखिम कायमै रहेको बताउनुभयो । उहाँले अब तीन वटा पालिकालाई मात्र केन्द्रमा राखेर गरेर कार्यक्रम सञ्चालन गरिने जनाउनुभयो । यस्तै हात्तीपाइले रोगविरुद्धको औषधी सेवन गर्ने सम्पूर्ण लक्षित समुदायले औषधी नखाइदिएका कारण १३ वर्षदेखि निरन्तर औषधी खुवाउने अभियान चलिरहेको स्वास्थ्य कार्यालय बाँकेका हात्तीपाइले रोग निवारण कार्यक्रमका फोकल पर्सन दुर्गा गौतमले बताउनुभयो । उहाँले आइडिए इम्प्याक्ट सर्भेमा फेल भएका नेपालगन्ज उपमहानगरपालिका, डुडुवा गाउँपालिका र नरैनापुर गाउँपालिकालाई विशेष फोकस गरिने छ । न्यापिट डाइनोस्टिक टेस्ट (आरडिटी) मार्फत माइक्रोफाइलेरिया फेला परेकाको फेरि राति १० बजेदेखि २ बजेसम्मको समयमा माइक्रोस्कोप बाट रक्त नमुना जाँच गरी हात्तीपाइले रोगको परजीवी भए/नभएको पुष्टि गर्ने काम गरिएको स्वास्थ्य कार्यालय बाँकेका ल्याब टेक्निसियन निरीक्षक केशव ज्ञवालीले बताउनुभयो । उहाँले फेल भएका तीन पालिकाको नमुना जाँच गरिएकामध्ये नौ जनाभन्दा कममा माइक्रोफाइलेरिया पोजेटिभ देखिएको छ तर ३४ जनामा माइक्रोफाइलेरिया पोजेटिभ देखिएकाले ती पालिकामा हात्तीपाइले रोगको अवस्था भयावह देखिएको उहाँले बताउनुभयो । केही समुदायले औषधी सेवन नगरिदिने गरेका कारण सबै समुदाय हात्तीपाइले रोगको जोखिममा परेको स्वास्थ्य कार्यालयको भनाइ छ ।

# सार्वजनिक सुनुवाइमा उपस्थिति न्यून



■ नमस्ते समाचारदाता

हुम्ला, पुष/२०

हुम्ला जिल्लाका तीन वटा सरकारी कार्यालयले आयोजना गरेको सार्वजनिक सुनुवाइ कार्यक्रममा सेवाग्राहीको उपस्थिति न्यून रहेको छ । आर्थिक वर्ष २०८०/८१ देखि हालसम्म ती कार्यालयले सम्पादन गरेका कार्यक्रमबारे सेवाग्राहीलाई जानकारी गराउन आयोजना गरिएको सो कार्यक्रममा सेवाग्राहीको उपस्थिति कम देखिएको हो । जिल्लामा प्रशासन कार्यालयले आव २०८०/८१ देखि पुस १५ सम्म सेवाग्राहीका लागि सम्पादन गरिएका कामको लेखाजोखा गर्न आयोजित सार्वजनिक सुनुवाइ कार्यक्रममा सेवाग्राहीको उपस्थिति न्यून रहेको प्रमुख जिल्ला अधिकारी नारायण पाण्डेले बताउनुभयो । कार्यक्रम जिल्ला प्रशासन कार्यालय, स्वास्थ्य सेवा कार्यालय र मालपोत कार्यालयले संयुक्त रूपमा आयोजना गरेका थिए । उहाँले जसका लागि कार्यक्रम आयोजना गरिएको थियो, तिनकै उपस्थिति हुन नसक्नु दुःखको कुरा भएको बताउँदै सेवाग्राहीको उपस्थिति कम भयो भन्दैमा यस्ता कार्यक्रम गर्न छाड्न नहुने बताउनुभयो ।

# सिपयुक्त जनशक्ति उत्पादन प्रदेश सरकारको प्राथमिकताः मुख्यमन्त्री

■ नमस्ते समाचारदाता

बुटवल, पुष/२०



लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले प्रदेश सरकारले गुणस्तरीय र सिपयुक्त जनशक्ति उत्पादनलाई प्राथमिकतामा राखेको बताउनु भएको छ । उहाँले सिपयुक्त जनशक्ति उत्पादनलाई आधार मानेर प्रदेश सरकारले नीति निर्माण गरेको जानकारी दिनुहुँदै उहाँले शैक्षिक गुणस्तर बढाउने विषय सबैको साझा भएको बताउनुभयो । उहाँले पुरानो हुँदै गएको शिक्षण सिकाई क्रियाकलापलाई नयाँ युग अनुसार बदल्न जरुरी रहेको बताउनुभएको छ । मुख्यमन्त्री आचार्यले लुम्बिनी वर्ल्ड स्कुलले रुपन्देहीको तिलोत्तमामा आयोजना गरेको तेस्रो टिचिङ्ग लर्निङ्ग एक्स्पो २०८१ को उदघाटन कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै आधारभूत तहबाटै विद्यार्थीहरुलाई खोज अनुसन्धानको माध्यमबाट शिक्षण सिकाई गर्नेगरी भूमिका बढाउन जरुरी रहेकोमा जोड दिनुभयो । उहाँले अध्ययन, अनुसन्धान अव नयाँ युग अनुसार चल्न र चलाउन जरुरी रहेको छ भन्दै सिपयुक्त जनशक्तिले स्वरोजगार र उद्यमशिलता बढाउने भएकोले सोह अनुसारको दक्ष जनशक्ति उत्पादन आवश्यक छ भन्नुभयो । उहाँले भन्नुभयो, ''युगले खोजेको जनशक्ति अव दक्ष र सिपयुक्त हो ।'' मुख्यमन्त्री आचार्यले अव पुरानो पद्धतीबाट नभै आधुनिक हिसावले शिक्षण प्रणालीको विकास गर्न जरुरी रहेकोमा जोड दिनुहुँदै दक्ष, आत्मनिर्भर र सिपयुक्त जनशक्ति उत्पादन तीन तहकै सरकारको प्राथमिकतामा रहेको उल्लेख गर्नुभयो । उहाँले भन्नुभयो, ''विद्यार्थीहरुको क्षमता अभिवृद्धिलाई केन्द्रमा राखेर विद्यालयहरुले शिक्षण सिकाई गर्न जरुरी छ ।'' परम्परागत शिक्षण विधि, परम्परागत कक्षाकोठा होइन, अब प्रविधिले दिएको सुविधालाई उपयोग गरेर सिक्ने र सिकाउने काम अघि बढाउन जरुरी रहेको भन्दै मुख्यमन्त्री आचार्यले बदलिँदो समय र मागको आधारमा सिकाई गर्ने पद्धती पनि बदलिनुपर्छ भन्नुभयो । विद्यार्थीको मनोभावना बुझेर शिक्षण गर्नुपर्ने आवश्यकता रहेको उल्लेख गर्दै उहाँले हरेक विद्यालयले विद्यार्थीको रुचीको आधारमा अध्ययन, अनुसन्धानको काममा संलग्न गराउनुपर्नेमा जोड दिनुभयो । सोही अवसरमा मुख्यमन्त्री आचार्यले टिचिङ्ग लर्निङ्ग एक्स्पोमार्फत् विद्यार्थीले तयार पारेका विज्ञान तथा प्रविधिसँग जोडिएका सामग्री समेत सार्वजनिक गर्नुभएको हो । मुख्यमन्त्री आचार्यले विद्यार्थीहरुको मेहनतको उच्च प्रशंसा गर्दै निरन्तरताको कामना समेत गर्नुभएको थियो । विद्यालयले बालबालिकालाई सशक्त बनाउन उनीहरुको शैक्षिक क्षमता र सामाजिक जिम्मेवारी भावनाको विकास गर्नेगरी अध्यापन गराउदै आएको छ ।


## वैदेशिक रोजगारमा जाँदा ध्यान दिनुपर्ने कुराहरू

- जान चाहेको देशको भाषा, कानून र त्यहाँको संस्कृतिको आधारभूत जानकारी राखौं ।
- वैदेशिक रोजगारमा जाँदा प्रचलित कानूनबमोजिम श्रम स्वीकृति लिएर मात्र जाऔं ।
- नेपालको वैदेशिक रोजगारसम्बन्धी कानूनहरूको आधारभूत जानकारी राखौं ।
- सीप सिकेर मात्रै वैदेशिक रोजगारीमा जाऔं ।
- वैदेशिक रोजगारमा जानुअघि रोजगारदाता कम्पनिले दिने सेवा, सुविधा र लाग्ने खर्च यकिन गरेर मात्रै जाऔं ।
- वैदेशिक रोजगारमा जाँदा भिजिट भिषामा नभई रोजगार भिषामा जाऔं ।
- वैदेशिक रोजगारमा हुने ठगीबाट बच्न बिचौलियाबाट सजग रहौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


नमस्ते कर्णाली
Namaste Karnali National Daily राष्ट्रिय दैनिक
नमस्ते कर्णाली राष्ट्रिय दैनिकका लागि प्रकाशक/ सम्पादक : अशोक भण्डारी ,प्रधान कार्यालय : कोहलपुर-११ बाँके, शाखा:सुर्खेत,हुम्ला,मुगु,कालिकोट,जुम्ला,डोल्पा,बाजुरा
सम्पर्क : ९८४७२४६९०३ इमेल: namastekarnali1@gmail.com मुद्रण: गैरे अपसेट प्रेस (छापाखाना), कोहलपुर, बाँके